# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८१/१२/१२)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/१२/१० मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरू

१. अनुदान सम्बन्धमा,
२. प्रशिक्षण तथा व्यवस्थापन खर्च सम्बन्धमा,
३. माथिल्लो म्याग्दी हाईड्रोपावर लिमिटेडको खर्च अनुमोदन सम्बन्धमा,
४. विविध

निर्णयहरू

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेटमा विनियोजन भए बमोजिम राष्ट्रीय आविष्कार केन्द्र सञ्चालन अनुदान शीर्षकबाट अनुदान स्वरूप रू दुई लाख रुपैंया राष्ट्रिय आविष्कार केन्द्रलाई उपलब्ध गराउने।
२. प्रस्ताब नं. २ माथि छलफल गर्दा जिल्ला समन्वय समिति सहित म्याग्दीका ६ वटै स्थानीय तहको आयोजनामा बेनीमा सञ्चालित निशुल्क मुटु परीक्षण तथा उपचार शिविरमा व्यवस्थान खर्च विविध खर्च शीर्षकबाट एवं गाउँपालिकामा कार्यरत स्वस्थ्य अन्तर्गतका कर्मचारीलाई उक्त सिविरमा पठाएबापत कर्मचारी तालिम खर्च शीर्षकबाट भूक्तानी दिने।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा माथिल्लो म्याग्दी हाईड्रोपावर लिमिटेडले सामाजिक सहयोग कार्यक्रम अन्तर्गत प्रभावित क्षेत्रमा गरेको देहायबमोजिमको खर्च अनुमोदन गर्ने निर्णय गरियो। देहाय

| क.स. | कम्पनिको पत्रको च.नं./मिति | कार्यालयको दर्ता नं. | कुल लाग्ने खर्च अनुमान | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १. | २१/२०८१-११-१८ | १३४४ | ४८,८९,०००/- | ४८,८८,९६५.९५/- | |
| २. | २२/२०८१-११-१८ | १३४० | ९,००,६६६.३९/- | ९,००,६६६.३९/- | |
| ३. | २३/२०८१-११-१८ | १३४२ | २,००,०००/- | २,००,०००/- | |
| ४. | २४/२०८१-११-१८ | १३४१ | ३३,६०,०००/- | २,१०,०००/- | |
| ५ | २५/२०८१-११-१८ | १३४३ | ३५,०००/- | ३५,०००/- | |

४. विविध सम्बन्धमा देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. आ.व. २०८१/८२को बजेट शीर्षक नं. ५५६.२१.१.३६९ मा व्यवस्था भएको ७५ प्रतिशत अनुदानमा घुम्ती गोठ निर्माण योजना हुनुपर्नेमा सुत्रमा ईन्ट्री गर्दा भुलबस २५ प्रतिशत अनुदानमा घुम्ति गोठ निर्माण योजना भएकोले सो शीर्षकलाई आगामी गाउँसभाले अनुमोदन गर्ने गरी ७५ प्रतिशत अनुदानमा घुम्ती गोठ निर्माण शीर्षक कायम गरी सोहीबमोजिम कार्य/भुक्तानी प्रकृया अगाडी बढाउने एवं उक्त योजनालाई वडा नं. ५ मल्कबाङमा सञ्चालन गर्ने तथा उक्त घुम्ती गोठलाई वडाबासी सबैले प्रयोग गर्नेगरी उपभोक्ता समितिद्वारा निर्माण कार्य गराउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने,

ख. वडा नं. ५ मल्कबाङ वडा कार्यालयलाई व्यवस्थापन गर्नका लागि आवश्यक बजेट निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शीर्षक बाट भुक्तानी गर्ने,

ग. यस गाउँपालिकाको वडा नं.५ र ६ एवं अर्वाङ स्कुल, वुल स्कुल, सुर्यज्योती आ.वि, वुल खोप केन्द्र लगायतका विभिन्न वडा कार्यालयहरू र विद्यालयहरूमा जडित सोलार सामाग्रीहरू मर्मत गर्नुपर्ने तथा फेरवदल गर्नुपर्ने आवश्यकता रहेकोले मर्मत माग बमोजिम वडा कार्यालय र विद्यालयहरूलाई आवश्यकताका आधारमा सोलार सामग्री खरिद गरि हस्तान्तरण गर्ने एवं अन्य कार्यालय सञ्चालन खर्च शीर्षकबाट भुक्तानी गर्ने।

घ. धवलागिरी गाउँपालिकाको सामाजिक परीक्षण प्रतिवेदन स्वीकृत गर्ने।

ङ. यस गाउँपालिकाको वडा नं. २ मा पर्ने अत्याधिक पर्यटकीय सम्भावना बोकेको जलजलामा पर्यटकीय विश्रमस्थल निर्माण योजना मागको लागि उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश एवं पर्यटन तथा उद्योग कार्यालय, कास्कीमालागि लेखी पठाउने।

च. सडक वोर्ड नेपाल र धवलागिरी गाउँपालिकाको साझेदारीमा सञ्चालन हुने मराङ मल्कबाङ सडक मर्मत योजना सञ्चालनको लागि खरिद ईकाइको निर्णय एवं रू १२ लाख बरावरको प्राविधिक लागत अनुमान तयार भई पेश भएकोमा उक्त सडक मर्मत योजना निर्माणार्थ रू १२ लाख लागत अनुमान स्वीकृत गरी आबश्यक खरिद प्रकृया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

छ. गाउँपालिकाभित्र विभिन्न समयमा गएको हावाहुरीका कारण विद्यालय,स्वास्थ्य चौकी एवं टावरमा क्षती पुगेकोले सोको मर्मत, व्यवस्थापन र पुन सञ्चालनार्थ रु ५ लाखको प्राविधिक लागत अनुमान तयार भएकोले राहत उद्दार तथा पुनस्थापना खर्च शीर्षकबाट रू ५ लाख मात्र विनियोजन गरी तत्काल सो कार्य गराउन गाउँकार्यपालिकालाई निर्देशन दिने।